कालिञ्चोक गाउँपालिका
Kalinchok Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल

## अनुदानको मल विक्रेता सिफारिसको लागि दरखास्त दिने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०४/१६**

अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका,२०७७ को दफा १० को उपदफा (१) बमोजिम गठित स्थानिय तह मल वितरण व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार दफा १५ को उपदफा(१) अनुसारको मल विक्रेता नियुक्तिका लागि स्थानीय तहको सिफारिस आवश्यक पर्ने हुँदा दफा ११ को उपदफा (१) (ङ) बमोजिम मल वितरण कम्पनीमा मल विक्रेता नियुक्तिका लागि सिफारिस हुन दफा १५ को उपदफा (८) बमोजिम आ.व २०७९/८० को लागि रासायनिक मलको कारोवार गर्न इच्छुक कालिञ्चोक गाउँपालिका कार्यक्षेत्र भएका कृषि सहकारी संस्था /सहकारी संस्था /फर्म /कम्पनीहरुलाई दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनुहुन अनुरोध छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु**

१) कार्यालयले उपलब्ध गराएको ढाँचा बमोजिमको आवेदन फारम ।
२) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि ।
४) रासायनिक मल विक्रेता प्रमाण पत्रको प्रतिलिपि ।
५) करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
६) विगत दुई आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
७) मल विक्रेता दर्ता गरेको भए सो को विवरण, गत वर्षको मलको कारोबार विवरण र मलको मूल्य विवरण ।
८) संस्थागत निर्णयको प्रतिलिपि ।
९) वडा कार्यालयको सिफारिस पत्र ।

( नवराज ओली )
प्रमुख प्रशासकीय अधिकृत

नवराज ओली
प्रमुख प्रशासकीय अधिकृत

Email: kalinchokrmdolakha@gmail.com Website: kalinchowkmun.gov.np

<u>रासायनिक मल विक्रेता नियुक्ति सिफारिसको आवेदन पत्रको ढाँचा</u>

मिति-...............

श्रीमान प्रमुख प्रशासमिय अधिकृत ज्यू
कालिञ्चोक गाउँपालिका, सुनखानी दोलखा ।

विषय: **दरखास्त पेश गरेको सम्बन्धमा ।**

महोदय

प्रस्तुत विषयमा यहाँ कार्यालयबाट मिति २०७९/०४/१६ गते प्रकाशित सूचना अनुसार अनुदानको मल विक्रेता नियुक्ति भई मलको कारोवार गर्न योग्यता पुगेकोले अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को शर्तहरुको अधिनमा रही मलको कारोवार गर्न इच्छुक यस श्री ........................................................................................ले आवश्यक कागजातहरु संलग्न गरी मल विक्रेता नियूक्ति सिफारिसको लागि यसै आवेदन पत्रका साथ संलग्न राखि प्रस्ताव पेश गरेको छु /छौँ। पेश गरेका कागजात तथा अन्य विवरण झुठ ठहरेमा प्रचलित कानुन बमोजिम सहने व्यहोरा समेत अनुरोध छ ।

निवेदकको नाम:-
पद:-
दस्तखत:-
संस्थाको नाम:-
ठेगाना:-
सम्पर्क नम्बर:-
संस्थाको छाप:-